नील हिरा
# आवाज

वर्ष १ अंक ३

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागी कानुनि सहायता तालिम कार्यक्रम सम्पन्न




युरोपियन युनियनको आर्थिक सहयोगमा निल हिरा समाजले देशका ५ विकास क्षेत्रका मुख्य ३१ वटा शहर पाल्पा, पोखरा, वुटवल, भैरहवा, विराटनगर, धरान, इटहरी, चितवन, विरगंज, वारा, हेटौडा, काठमाडौ ललितपुर तथा भक्तपुरमा यौनिक तथा लैङ्गिक अल्पसख्यकहरूको लागी एक दिने कानुनी सहायता, मानव अधिकार तथा कानुनी अधिकार सचेतना सम्वन्धी तालीम आयोजना गरेका थियो । विभिन्न शहरमा रहेका यौनिक तथा लैगिक अल्पसख्यक समुदायलाई आफ्नो अधिकार प्रति सचेत गराई उनिहरूमाथी हुने मानव अधिकार विरोधी कार्य प्रति प्रतिकार गरी आफनो हक अधिकारको उपयोग गर्न सक्षम पार्ने तथा आधारभुत मानव अधिकार तथा कानुनी अधिकार संम्वँन्धि जानकारी दिने उदेश्यले उक्त तालिम कार्यकृम संचालन गरिएको थियो । विभिन्न स्थानमा भएको छुटाछुटै तालिममा ५००० भन्दा वढी यौनिक तथा लैङ्गिक अल्पसख्यक समुदायका सदस्यहरू सहभागी भएका थिए र आफुहरूले भोग्नु परेका कानुनी समस्या तथा उपचारका वारेमा जिज्ञासा राखेका थिए । उक्त कार्यक्रममा सहभागीहरूले मानव अधिकार, यौनिक तथा लैगिक अल्पसख्यकहरको मानव अधिकार, यौनिकता तथा लैङ्गिकता तथा विभिन्न कानुनी अधिकारको वारेमा जानकारी पाएका थिए । तालिमको समापनमा सहभागीहरूले LGBTI वारेमा जानकारी पाएको तथा आफना हक अधिकारको उलंघन भएमा कानुनी उपचारका लागी पहल गर्न सक्षम भएको कुरा वताएका थिए ।

## ४ उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम

युरोपियन युनियनको आर्थिक सहयोगमा निल हिरा समाजले ७५ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका सदस्यहरूको लागी उच्च शिक्षा लिन प्रोत्साहन गर्ने उद्धेश्यले छात्रवृत्ति कार्यकम आयोजना गरेको छ । आर्थिक अभावका कारणले उच्च शिक्षा हासिल गर्न नसकी अध्यनलाई विचमै छोडनु परेका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका लागी यस छात्रवृत्ति कार्यक्रमले ठुलो सहयोग गरेको कुरा यस कार्यकमबाट लाभान्वित हुने सदस्यहरूले व्यक्त गरेका छन् ।

नेपालको राष्ट्रिय दैनिक कान्तिपुर मार्फत नेपाल अधिराज्य भरिका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको उच्च शिक्षा अवसरको लागी आवेदन माग भएकोमा करिव १०० जना यौनिक तथा लैङ्गिक अल्पसख्यकहरूले छात्रवृत्तिको लागी निवेदन दिएकोमा ७५ जना यौनिक तथा लैङ्गिक अल्पसख्यक समुदायका सदस्यहरू छानिएका छन । छनौटका आधार-हरूमा व्यक्ति यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हुन पर्ने, कमजोर आर्थिक अवस्था भएको हुन पर्ने र अध्ययनलाई निरन्तरता दिइरहेको हुन पर्ने थिए । सात सदस्यीय समितीले योग्य सदस्यहरूलाई छनौट गरेको थियो । नेपाल अधिराज्यमा आफनो फरक यौनिक अभिमुखिकरण र लैङ्गिक पहिचानका कारणले घर परिवारवार बहिस्कृत भई आर्थिक अभावका कारणले उच्च शिक्षा हासिल गर्न नसकेका यौनिक तथा लैङ्गिक अल्पसख्यक समुदायका सदस्यहरूलाई यो छात्रवृत्तिका कार्यक्रम आयोजना गरिएको थियो । नेपालमा यौनिक तथा लैङ्गिक अल्पसख्यक समुदायहरू घर, परिवार र समाजवाट विभेदको सिकार भई शिक्षा, स्वास्थ्य तथा रोजगारीवाट समेत वंचित हुन परेको अवस्था छ । आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्न नसकेका समुदायका व्यक्तिहरूका लागी यो छात्रवृत्ति कार्यक्रमले केही भए पनि राहत मिलेको छ ।

# सुरक्षाकर्मीहरुलाई यौनिकता र लैङ्गिकता सम्वन्धि तालिम सम्पन्न

विभिन्न शहरका सुरक्षाकर्मीहरूलाई यौनिकता र लैंगीकता सम्वन्धी जानकारी दिई यौनिक तथा लैङ्गिक अल्पसख्यकहरूको मानव अधिकारको संरक्षण तथा सम्मान गर्ने उदेश्यले युरोपियन युनियनको सहयोगमा नील हिरा समाजले देशका विभिन्न सहरहरू पाल्पा, पोखरा, बुटवल, भैरहवा, विराटनगर, धरान, इटहरी चितवन, विरगंज, वारा, हेटौडा, काठमाडौ, ललितपुर तथा भक्तपुरमा यौनिकता र लैङ्गिकता विषयक सचेतना जगाउने एक दिने तालिम सम्मपन्न भयो । विभिन्न स्थानमा भएका छुटाछुटै तालिममा करीव १००० शुरक्षाकर्मीकौ उपस्थीति थियो । तालिममा सहभागीहरूलाई यौनिकता र लैङ्गिकताका वारेमा जानकारी दिनुका साथै यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरूको मानव अधिकार, यौनिकता र लैगिकताका



सवालमा भएका अन्तराष्ट्रिय आन्दोलन तथा नेपालको सवोच्च अदालतको फैसलाको वारेमा जानकारी प्रदान गरिएको थियो । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले विभिन्न स्थानमा भएको सुरक्षाकर्मीहरूवाट भएका मानव अधिकार उलंघनका घटनाहरूको वारेमा पनि अवगत गराएका थिए । तालिममा सहभागी सुरक्षा कर्मीहरूद्वारा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको सम्मान र संरक्षण गर्ने तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि हुने मानव अधिकार उलंघनका दोषीलाई कारवाही गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

# सुरक्षा गार्ड तालिम सम्पन्न

आफ्नो फरक यौनिकता तथा लैंगिकताको कारण घर, समाज र आफ्ना आफन्तबाट विस्थापित र राज्यको हरेक अवसरवाट वञ्चित हुनु परेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका सदस्यहरूलाई आत्मनिर्भर गराउन र जीवन स्तर माथी उकास्ने उद्देश्यले युरोपियन युनियनको सहयोग नील हिरा समाजको आयोजनामा छ November 2009 देखि 3 December 2009 सम्म बन्द प्रशिक्षणमा राखी लगभग एक महिनाको सुरक्षा गार्ड तालिम सम्पन्न भएको छ । सो सुरक्षा सम्बन्धि तालिम दिने जिम्मा बन्धन सेक्युरिटी तालिम केन्द्र, चावहिलले लिएको थियो । शिक्षा र रोजगारको अवसर नपाएका यस समुदायको लागि यो तालिम अत्यन्तै फलदायी भएको छ । यस तालिमको समापन संगै तालिम लिने व्यक्तिहरूलाई नील हिरा समाजका कार्यकारी निर्देशक तथा गौरवशाली संविधान सभाका



माननीय सभासद श्री सुनिल वावु पन्त ज्यूले प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

सफलता पूर्वक सम्पन्न भएको यस तालिमबाट प्रभावित भई तालिमको जिम्मा पाएका बन्धन सेक्युरिटी गार्ड तालिम सेन्टर र दाजुभाई सेक्युरिटी गार्ड तालिम सेन्टरले ६ जना तालिम प्राप्त यौनिक तथा लैङ्गिक समुदायका सदस्यहरूलाई प्रशिक्षकको रूपमा मितिः २०६६/०९/०१ गते देखि लागु हुने गरी आफ्नै कम्पनीमा सुरक्षा गार्डको रूपमा नियुक्त गरेको छ । यो यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको लागि एकदमै सकारात्मक पक्ष हो । सो नियुक्तिले १ छाक टार्न समेत हम्मे हम्मे परेका व्यक्तिहरूलाई निकै राहत मिलेको छ ।

# मानव कल्याण समाज ईटहरी

११ सेप्टेम्वर २००९ का दिन माननीय संविधान सभाका सभामुख श्री सुवास चन्द्र नेम्वाङ ज्यूलाई भेटेर यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक अधिकार सुनिश्चित गर्न ज्ञापन पत्र बुझाईएको थियो ।

अन्तर्राष्ट्रिय नारी दिवशको उपलक्षमा माननीय सभासद ज्यूहरूको टोलीलाई मानव कल्याण समाज ईटहरीका सदस्यहरूले नयां संविधानमा समलिङ्गि तथा तेस्रोलिङ्गिहरूको अधिकार सुनिश्चित गर्न ज्ञापनपत्रका साथ सुझाव दिईएको थियो ।

११ अक्टुवर २००९ का दिन नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा पुर्व गृहमन्त्रि श्री कृष्ण प्र. सिटौलालाई भेटि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको नयां संविधानमा हक अधिकार सुनिश्चित हुनु पर्ने माग राखेका थियौं ।

२२ नोभेम्वर २००९ का दिन संविधान सभाका उपाध्यक्ष पूर्ण कुमारी सुवेदी ज्यूलाई



विराटनगरमा भेटि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक अधिकार नयां संविधानमा सुनिश्चित हुनुपर्ने माग राखी ज्ञापनपत्र बुझाईएको थियो ।

# जर्जिनाको नेपाल अनुभव

सुवास पोखरेल



न्युजिल्यान्डकी जर्जिना वेयर, विश्वकै पहिलो तेस्रो लिंगी सांसदको रूपमा विश्वभरि चिरपरिचित छन् ।

नीलहिरा समाज र सभासद् सुनीलबाबु पन्तको निमन्त्रणामा जर्जिनाको भाद्र १९ देखि २५ सम्मको नेपाल भ्रमण निकै सक्रियताका साथ उच्च निकायका प्रमुखहरू, सञ्चारकर्मीहरू, राजनीतिक नेताहरू एवं संविधानसभाका उच्च पदाधिकारी तथा सभासद्हरूसँग भेटघाट गर्नुभयो । त्यस्तैगरी मानवअधिकार कर्मी, नागरिक समाजका प्रतिनिधिलगायत दातृनिकायका प्रतिनिधि एवं राजदूतहरूसँग पनि जर्जिनाले भेट गर्नुभएको थियो ।

भ्रमणको क्रममा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको क्षमता अभिवृद्धि गर्न भनी खुलेको कुक तालिम केन्द्रको सभासद् सुनीलबाबु पन्तसँग संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो भने त्यसको अर्को दिन बिहान मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको आयोजनामा भएको छलफल कार्यक्रममा सहभागी भएकी थिइन् । छलफलमा समितिका सभासद्हरूसँग निकै उत्साहका साथ न्युर्जिल्यान्ड एवं नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अवस्था र संवैधानिक विकासका बारेमा प्रसंगहरू उठेका थिए । सभासद्हरूले नेपालका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको समावेशिताका लागि आफूहरूले पहल गरिरहेको र समितिको अवधारणा-पत्रमा पनि यी सवालहरूलाई सम्बोधन गरेको उल्लेख गर्नुभएको थियो । जर्जिना वेयर सभासद्हरूको नयाँ संविधान निर्माणका लागि देखिएको तत्परतालाई लिएर उत्साहित हुनुभएको थियो ।



त्यसै दिन सम्पन्न भएको अर्न्तक्रिया कार्यक्रममा उहाँलगायत नेपालका एकीकृत नेकपा माओवादीका उपाध्यक्ष एवं वरिष्ठ नेता डा. बाबुराम भट्टराई, नेपाली कांग्रेसका वरिष्ठ नेता डा. रामशरण महत, सभासद्हरूमा प्रतिभा राणा, सुनीलबाबु पन्त, लालबाबु पण्डित, मानवअधिकार उच्च आयुक्त कार्यालयका प्रमुख रिचार्ड बेनेट, नेपाल कम्युनिस्ट पार्टी एमालेका नेता वेदुराम भुषाललगायत डेनमार्क र इजरायलका नेपालका लागि राजदूतहरूको पनि उपस्थितिमाभ्क उहाँले आफ्नो वास्तविक संघर्षको कथा उजागर गर्नुभएको थियो ।

भिन्न यौनिक पहिचानका कारणले भोग्नुपरेको पीडाहरू, आफ्नो यौनकर्मीका रूपमा बिताउनु परेको आततायी समय, आफूमाथि नाइटक्लबमा भएको बलात्कार तथा प्रथमपटक सन् १९९० मा न्युर्जिल्यान्डको एउटा सहरको मेयर हुँदै न्युर्जिल्यान्डको संसद्सम्म पुगेको र संसद्मा समलिंगी एवं तेस्रो लिंगीको पहिचान, हक तथा अधिकारलाई स्थापित गर्न उहाँमार्फत पेस भएको बिल आदिका बारेमा चर्चा गर्नुभएको थियो । उहाँलाई त्यस कार्यक्रममा उपस्थित नीति निर्माणमा आसीन व्यक्तित्वहरूलाई सम्माननीय सर्वोच्च अदालतको दुई वर्षअघिको फैसलाको कार्यान्वयनका लागि पहल गर्न अपिल गर्नुभएको थियो । उहाँले नेपालले यदि अन्य अधिकारलगायत तेस्रो लिंगीलाई आफ्नो पहिचानअनुसारको नागरिकता दिन सकेमा विश्वमै नौलो एवं प्रगतिशील व्यवस्था भएको मुलुक ठहरिने छ । उहाँले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले कुनै विशेष किसिमको अधिकार मागेको नभई अन्य नागरिक सरह अधिकार खोजेको मात्र भएको उल्लेख गर्नुभएको थियो ।

जर्जिनाले राष्ट्रपति डा. रामवरण यादव, प्रधानमन्त्री माधवकुमार नेपाल, संविधान सभाध्यक्ष सुवास नेम्वाङ, संविधानसभा समितिका सभापति नीलाम्बर आचार्य, एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाललगायत बेलायती एवं अमेरिकी विदेशी सहयोग नियोगका प्रतिनिधिसँग पनि भेटघाट गरी राज्यका निकाय र अवसर तथा विकासमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको समावे-शिताका लागि आवाज बुलन्द पारि दिनुभयो ।

यसैगरी, पोखरामा रहेको नीलहिरा समाजको साभ्केदारी संस्था नौलो बिहानी पोखराको आयोजनामा भएको स्वागत एवं अर्न्तक्रिया कार्यक्रममा सहभागी भई सोही सन्देश स्थानीय राजनीतिककर्मी, सरकारी निकाय, सञ्चारमाध्यम, मानवअधिकावादी संस्था एवं नागरिक समाजका प्रतिनिधिहरू माभ्क पनि पुर्‍याउनुभयो ।

जर्जिना आफ्नो नेपाल भ्रमणलाई लिएर भन्नुहुन्छ, 'जसरी नेपाली तेन्जिङ नोर्गेले न्युजिल्यान्डका एडमन्ड हिलारीलाई सगर-माथाजस्तो भौतिक हिमशिखर चढी विजयी हुन सहयोग एवं अभिप्रेरित गरेका थिए । ठीक त्यसैगरी, नेपालमा यौनिक तथा लैंगिक अलपसंख्यक समुदायले खेप्नुपरेको सामाजिक, साँस्कृतिक, राजनीतिक एवं आर्थिक विभेदको पहाड चढ्न सुनीलबाबु पन्तलाई सहयोग गर्ने पहलका लागि म नेपाल आएको हुँ ।' उहाँको भ्रमणले नेपालमा रहेका यौनिक तथा लैंगिक अलपसंख्यक समुदायमा निकै उत्साह सञ्चार गरेको छ ।

भिन्न लैंगिक पहिचान एवं यौनिक अभिमुखी-करणले कुनै पनि व्यक्तिलाई समाजमा केही गरेर देखाउन बाधा पुर्‍याउँदैन भन्ने कुरा स्वयं जर्जिनाको उदाहरण नै यथेष्ट छ । उहाँको भ्रमणले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र नेपालका उच्च निकायका नीति निर्माताहरूबीच सहज सर्म्पक स्थापित गरेको छ भने प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि नेपाली समाजमा यस्ता किसिमका व्यक्तिहरू पनि रहेछन् भनी भ्कभ्क्काएको छ ।

> **"यौनिक तथा लैंगिक अल्पसंख्यक नेपालका सामान्य नागरिक हुन् । हामीहरूलाई गाली होइन, सामान्य रूपमा स्वीकार्न सिकौं ।"**
> **- नील हिरा समाज**

# रणनीतिक नेतृत्व विकास सम्बन्धी तालिम सम्पन्न



नील हिरा समाजले यौनिक तथा लैङ्गिक अल्पसंख्यक विरूद्ध हुने भेदभाव अन्त्यका लागि विभिन्न खालका मानवअधिकार सम्बन्धी कार्यक्रम सञ्चालन गरिआएको छ । यसै सिलसिलामा नील हिरा समाजको आयोजनामा मिति २०६६ भाद्र २६ देखि २९ तदनुसार सेप्टेम्बर ११ देखि १४, २००९ सम्म गरी ३ दिने रणनीतिक नेतृत्व विकास सम्बन्धी तालिम नगरकोटमा सम्पन्न भयो । यो तालिम कार्यक्रम नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको समान अधिकारका लागि समुदायका मुद्दाहरू दीर्घकालिन रूपमा उठाउन सक्षम र प्रभावकारी नेतृत्व विकास गर्ने उद्देश्यले नील हिरा समाजका सक्रिय सदस्यहरू, समुदायका सदस्यहरू र संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि आयोजना गरिएको थियो । यौनिक तथा लैङ्गिक अल्पसंख्यक विरूद्ध बर्षौ देखि हुदै आइरहेको भेदभाव र लान्छना हटाउनका लागि समाजको संस्थागत क्षमता अभिबृद्धि गरी अन्ततः नेपालको मानवअधिकार आन्दोलनमा टेवा पुऱ्याउनु नै उक्त रणनीतिक नेतृत्व विकास सम्बन्धी तालिमको मुल उदेश्य रहेको थियो ।

उक्त रणनीतिक नेतृत्व विकास सम्बन्धी तालिम कार्यक्रम ३ दिनको प्याकेज तयार गरी कार्यक्रम सञ्चालन भने पहिलो दिन आधा र अन्तिम दिन आधा र बाँकी दिन पुरै समय सञ्चालन गरी सम्पन्न गरियो । तालिम कार्यक्रमको पहिलो दिन नील हिरा समाजका कार्यकारी निर्देशक तथा सभासद् सुनिल वावु पन्तबाट सहभागी-हरूलाई स्वागत तथा तालिमको विषयबारे खाका एवं प्रक्रियाका सम्बन्धमा जानकारी गराइएको थियो । तालिम सञ्चालन गर्दा सहभागीहरूको अपेक्षा संकलन र सीमा एवं परिधीहरू तालिमको सुरूवातमा नै निर्धारण गरिएको थियो । तालिम सञ्चालन गर्दा सम्पूर्ण सहभागी-हरूलाई तीन समुहमा विभाजन गरियो र ती समुहहरूलाई नै समुहको नामाकरण गर्न लगाइयो । जस अनुसार समुह १ – Brightness Group समुह २ – New Horizon र समुह ३ – Think About It–TAI गरी ३ समुहहरू बनाइए । प्रत्येक समुहले आफुले राखेका नाम, समुहको परिकल्पना, उदेश्य र ती उदेश्य प्राप्तीका लागि आवश्यक विशिष्ट मान्यता र व्यवहारहरू समेत समेटी आ-आफ्ना समुहका तर्फबाट प्रश्तुतीकरण गरे ।

तालिम अवधीमा प्रत्येक समुहले तालिम प्याकेज र दिइएको निर्देशनका आधारमा सामुहिक प्रश्तुतीकरण, भाषण कला, प्रभावकारी अन्तरसम्वाद लगायत नेतृत्व विकास सम्बन्धी सैद्धान्तिक ज्ञान प्राप्त गरे । तालिमको प्रशिक्षण नील हिरा समाजका कार्यकारी निर्देशक एवं सभासद् श्री सुनिल वाबु पन्तबाट सम्पन्न भएको थियो । कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक विद्यार्थी मञ्चका संस्थापक सदस्य श्री रोशन महतोले यौनिक तथा लैङ्गिक अल्पसंख्यक विद्यार्थी मञ्चका तर्फबाट एक घटना अध्ययन सहितको प्रश्तुतीकरण गर्नु भयो ।

तालिममा परियोजना प्रश्ताव लेखनको अभ्यास, घर बाहिर हुने खेदकुदका अभ्यास, व्यायम, स्वास्थ्य सम्बन्धी सल्लाह सुझाव, स्वस्थ रहने उपाय, भाषण कला, व्यवसायिक पत्रव्यवहार र व्यवसायिक लेखनका अभ्यासहरू गरिएका थिए र हरेक क्रियाकलापको अन्त्यमा प्रत्येक सहभागीहरूबाट सल्लाह सुझाव र पृष्ठ पोषण प्रदान गरिएको थियो । कार्यक्रमको अन्तिम दिन प्रशिक्षकबाट कसरी व्यवसायिक हुन सकिन्छ भन्ने विषयमा प्रश्तुतीकरण गरिएको थियो । कार्यक्रमको समापन तालिममा हासिल अनुभवका बारे आ-आफ्ना विचारहरू सबै समक्ष राखी भावी दिनमा नेतृत्व ग्रहण गर्नका लागि के गर्ने उदेश्य राखिएको हो सो विषय र त्यसलाई व्यवहारमा उतार्ने तर्फ आ-आफ्ना प्रतिवद्धताका साथ सम्पन्न भयो । कार्यक्रमको अन्त्यमा प्रशिक्षक एवं नील हिरा समाजका कार्यकारी निर्देशक सभासद् श्री सुनिल वाबु पन्तबाट सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# यौनिकता र लैङ्गिकता सम्वन्धी एक एक दिने कार्यशाला सम्पन्न




युरोपीयन युनियनको आर्थिक सहयोगमा नील हिरा समाज, मानव अधिकार परियोजनाले देशका विभिन्न शहरहरू जस्तो विराटनगर, धरान, इटहरी,काकरभिट्टा, नेपालगन्ज, बाँके, वर्दिया, दाङ्, पाल्पा तथा पोखरामा यौनिकता र लैगिकताको विषयमा र यस समुदायमाथी हुने विभृदको अन्त्य गर्ने उदेश्यले एक दिवसीय कार्यशाला सम्पन्न भयो । कार्यशालामा विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, मानव अधिकार कर्मी, विभिन्न राजनितिक पार्टीका नेताहरू, सभासदहरू, संचार माध्यमका प्रतिनिधिहरू, सुरक्षाकर्मीहरू तथा विधार्थीहरूको उपस्थीति थियो । विभिन्न स्थानमा भएका कार्यशालामा कार्यपत्रको प्रस्तुती तथा कार्यपत्रमाथी छलफल हुनुका साथै सहभागीहरूलाई यौनिकता र लैगिकताका विषयमा जानकारी, यौनिक तथा लैगिक अल्पसख्यकहरूको मानव अधिकार, सम्मानित सर्वोच्च अदालतको फैसला, यौनिकता र लैङ्गिकता सम्वन्धी अन्तर-राष्ट्रियस्तरमा भएका प्रगतिहरूका वारेमा जानकारी दिईएको थियो । कार्यशालाका सहभागीहरूले यौनिकता र लैङ्गिकता वारेमा प्रस्ट भएको तथा भविष्यमा यौनिक तथा लैङ्गिक अल्पसख्यकहरूको हक अधिकारको लागी आवाज उठाउने प्रतिवद्धता व्यक्त गरेका थिए ।


**नील हिरा समाज**
शिवभक्तिमार्ग ३४४, खुर्सानीटार, लाजिम्पाट, काठमाडौ, फोन नं ४४४३३५०, ४४४५१४७
website: www.bds.org.np, email: bluediamondsociety@yahoo.com
युरोपेली संघ